# DAILY NEWSLETTER

सर्वगुण Investor's Club..

As of May 13, 2026

A Comprehensive Technical Analysis by SARBAGUNA INVESTMENT

## W Pattern पछि नेप्सेमा पुनः रिकभरी प्रयास




नेप्से परिसूचक आज ४ अंकले घट्दै २७४० विन्दुमा बन्द भएको छ। बजारमा कुल २ अर्ब ८० करोड रुपैयाँ बराबरको कारोबार भएको छ। कारोबार अवधिभर बजारमा मिश्रित दबाब देखिए पनि अन्तिम समयमा सूचकले सुधार गर्ने प्रयास गरेको देखिएको हो।

आजको कारोबारमा ८२ कम्पनीको शेयरमूल्य बढ्दा १७६ कम्पनी घटेका छन् भने १२ कम्पनीको मूल्य स्थिर रहेको छ। घट्ने कम्पनीको संख्या बढी भए पनि सूचकले २७००–२७२० को महत्वपूर्ण सपोर्ट क्षेत्र जोगाउन सफल भएको देखिन्छ।

### प्राविधिक विश्लेषण

| | |
|---|---|
| 20D MA | वजार २०D MA भन्दा BELOW छ। |
| MACD | नेप्सेमा हाल MACD मा Buying (NEGATIVE) देखिएको छ। |
| RSI | RSI 45 पुगेको देखिन्छ। |

| | |
|---|---|
| Support | 2700 |
| Resistance | 2800 |

इन्ट्राडे कारोबार विश्लेषण गर्दा बजारले सुरुवाती दबाबपछि “W Pattern” निर्माण गर्दै पुनः सुधारको संकेत दिएको देखियो। त्यसपछि सूचकले Higher High Formation बनाउँदै माथिल्लो स्तर समात्ने प्रयास गरेको थियो। यद्यपि अन्तिम समयमा बिक्री दबाब बढ्दा बजार २७४० विन्दुमा सीमित हुन पुगेको हो।

समग्रमा हेर्दा बजार अझै २७०० क्षेत्र वरिपरि आधार निर्माण गर्ने चरणमा रहेको देखिन्छ। कारोबार रकम अपेक्षाकृत मध्यम रहेकाले बलियो ब्रेकआउटका लागि आगामी दिनमा भोल्युम सपोर्ट आवश्यक देखिन्छ। यदि सूचकले २७०० माथिको क्षेत्र मजबुत रूपमा जोगाइराख्न सकेमा बजारमा पुनः सकारात्मक गति फर्किने सम्भावना रहन्छ।


9709043043

www.sarbaguna.com

sarb.agun

sarbaguna.investm

Sarbaguna Investment